अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका, सुन्दरबजार,

लमजुङ्ग

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
सुन्दरबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुन्दरबजार, लमजुङ्ग ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं,नेपाल

पत्र संख्याः २०७८।७९

च.नः १७३

मितिः २०७८।५।४

श्री नगरप्रमूखज्यू,
सुन्दरबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुन्दरबजार, लमजुङ्ग ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु.१ करोड १० लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख १५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४६ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.४१ लाख ११ हजार र पेश्की बाँकी रु.१४ लाख ७५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्स्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

सुन्दबजार नगरपालिका, सुन्दरबजार, लमजुङ्ग,
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुन्दरबजार नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ७२.०३ वर्ग किलोमिटर क्षेत्रफल तथा २६ हजार ८६४ जनसंख्या रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	३८९८०९२३३.९०
	क) नगद		२	पूँजीगत खर्च	१०७१२३४८४.०२
	ख) बैंक	८१७१९९३७.६७	३	वित्तीय व्यवस्था भुक्तानी	
२	राजस्व (आन्तरिक आय)			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	७५२७००३.५४		ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड(संघ र प्रदेश)	४८३४३२०८.६०		ग) अन्य भुक्तानी	
	ग रोयल्टीबाट प्राप्त आय	६६६७२७४.००		लगानी	
	घ) अन्य आय (मालपोतबाट)	७२७८५४.५०	४	ऋण लगानी	
३	वित्तीय हस्तान्तरण			शेयर लगानी	
	क)वित्तीय समानीकरण अनुदान	१०६८००००.००		अन्य लगानी	
	ख) सशर्त अनुदान	२६८०९८०००.००		धरौटी फिर्ता	१७५१००.००
	ग) समपूरक अनुदान		५	कोष खर्च	
	घ) विशेष अनुदान		६	अन्य खर्च	०.००
	ङ) सडक बोर्डबाट प्राप्त	२४७७०००.००	७	कोलेनिका फिर्ता	३५००००००.००
			८	मौज्दात	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		१०	क) नगद मौज्दात	
	क)वित्तीय समानीकरण अनुदान	१२३४६०००.००		ख) बैंक मौज्दात (धरौटी सहित)	११७३६०१६५.२
	ख) सशर्त अनुदान				
	ग) समपूरक अनुदान	१००००००००.००			
	घ) विशेष अनुदान	०.००			
५	अन्तर स्थानीय तहबाट प्राप्त				
६	विषयगत निकायबाट प्राप्त रकम				
	क) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	७१२८३५.००			
	ख) गरिवसंग विश्वेश्वर कार्यक्रम	४९०५१५.००			
	ग) समाज कल्याण कार्यक्रम	९७७०६०.००			
	घ) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	६८४३८५५.००			
	ङ) गरिव घरपरिवार पहिचान कार्यक्रम	१४२०८३९.००			
	च)राष्ट्रपति महिला उत्थान कार्यक्रम	०.००			
	छ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१००००००.००			
	ज) प्रदेश सामाजिक विकास मन्त्रालय	१५९८७५७.००			
	ज) शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश	५५४८३५.००			
७	धरौटी आय	२१२२९२३.००			
१२	सामाजिक सुरक्षा	८८५८६०००.००			
१३	अन्य विविध आय	४५४०८५.८१			
	जम्मा	६४९४६७९८३.१२		**जम्मा**	६४९४६७९८३.१२

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा रु.४० हजार असुली भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि वर्ष भरिका सबै कारोवार सुत्रमा प्रविष्टि गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन् । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र बैङ्क बीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा वडा कार्यालयहरूको राजस्व संकलन बैङ्किङ्ग प्रणाली मार्फत् गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	आवधिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालयमा वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियमानुसार खरिदको गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन । • वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२३,९०,३०,३५५।४६ खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १७ ऐन, ४ नियमावली, ९ कार्यविधि ३ निर्देशिका र १ आचारसंहिता समेत ३४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	योजना तर्जुमा, बजेट तथा कार्यक्रम	
३.	**बजेट पेस, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री ज्ञानु शाहले २०७६।३।१० गते नै रु.५४ करोड ६२ लाख ७१ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।३।२५ मा पारित भएको छ । उक्त बजेटमा संशोधनबाट रु.४ करोड ३४ लाख ९४ हजार थप भई रु.५८ करोड ९७ लाख ६५ हजार कायम गरेकव छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
४.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष निम्नानुसार कार्यक्रममा अवण्डा रुपमा बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

सि. नं	कार्यक्रम	उपक्षेत्र	स्रोत	रकम
१	अन्य पूर्वाधार योजनाहरू	भवन आवास तथा शहरी विकास	नेपाल सरकार	१२००००००
२	लागत सहभागितामा आधारित	यातायात पूर्वाधार	नेपाल सरकार	५००००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	पूर्वाधार विकास योजनाहरू			
३	साना पूर्वाधार योजनाहरू	भवन आवास तथा शहरी विकास	गण्डकी प्रदेश	४४०००००
४	मर्मत संभार योजनाहरू	यातायात पूर्वाधार	नेपाल सरकार	३००००००
५	विविध पूंजिगत योजनाहरू	भवन आवास	नेपाल सरकार	२९७५०००
			जम्मा	**२७३७५०००**

५. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पुँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
संघीय समानीकरण अनुदान	६६४८९	७४३२	१०५५२	४८५०५	४२३१४
प्रदेश समानीकरण	१०३३०	३०३०	५३९	६७६१	६२३५
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	१५४७	०	०	१५४७	१५४७
प्रदेश समपुरक अनुदान	२७७१	२७७१	०	०	०
कूल खर्चः	**८११३७**	**१३२३३**	**११०९१**	**५६८१३**	**५००९६**
खर्च प्रतिशत	**१००.००**	**१६.३१**	**१३.६७**	**७०.०२**	**६१.७४**

६. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३११४८०००.००	१३५७९५६६.००	३.५९
सामाजिक क्षेत्र	३१६२९६०००.००	१९०९९१८२०. ५	५०.५०
पूर्वाधार विकास क्षेत्र	११४३९६०००.००	७४३६७६६१.२२	१९.६६
वातावरण तथा विपद् व्यवस्थापन	१८०००००.००	२०००००.००	०.०५
वित्तीय व्यवस्थापन र सुशासन	८२९५०००.००	२५३३९००.००	०.६७
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	११७८३००००.००	९६५३४९५४.८२	२५.५२
जम्मा	५८९७६५० ०.००	३७८२०७९०२.८९	१००.००

६.१. **खर्च विश्लेषण** - पालिकाले यस वर्ष कूल आन्तिरक आयबाट रु.७५,२७,००३.४० राजस्व बाँडफाँड र अनुदानबाट रु.५३,७१,७८,२७४.७७ समेत रु.५४,४८,०६,२७८.१७ आम्दानी भएकोमा चालु तर्फ रु.३८,९८,०९,२३३.९० र पुँजीगततर्फ रु.१०,७१,२३,४८४.०२ समेत रु.४९,६९,३२,७१७.९२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५१ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१७,८०,१६०.०० खर्च भएको छ जुन आन्तरिक आयको २३.६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.४५ प्रतिशत चालु र २१.५५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
	संगठन तथा कर्मचारी व्यवस्थापन	
७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।	
८.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको ८२ औं बैठकको निर्णय नं. १८ अनुसार कर्मचारीहरूलाई यो वर्ष रु.४,०६,८७८.०० प्रोत्साहन भत्ता खर्च गरेको छ ।	
९.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १२ गरी कूल १५ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।	
	पदाधिकारी सुविधा	
११.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.३०६६७३४।५० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
	कर दस्तुर एवं आन्तरिक आय	
१२.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	४०००००.००	३००६२५९.५८	७५.१५
घरजग्गा वहाल कर	८०००००.००	९४९८०६.०६	११८.७२
व्यवसाय कर	१०००००.००	२६७९००.००	२६७.९०
जम्मा	**४९०००००.००**	**४२२३९६५.६४**	

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

आयकर एवं मू.अ.कर

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१३.	**रीतपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रीतपूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मू.अ.कर रु.९,४४,२४२.४६ समेत रु.८४,०८,५१५.२४ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीले रीतपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.	९४४२४२.४६

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	बिल नं./मिति	कर विजकको अवस्था	भुक्तानी रकम	मूअकर कर रकम
८९।२०७७।३।१८	गोसाइकुण्ड/आ ई.एस. निर्माण सेवा जे.भी.	६०६१७७६४१	००४।२०७७।३।१८		२९११६१९.९०	३३४९६५.१२
१०२।२०७६।११।३०			००३।२०७६।११।३०		५४९६८९५.३४	६०९२७७.३४
				जम्मा	८४०८५१५.२४	९४४२४२.४६

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१४.	**नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.२,०६,०६९।१६ समेत रु. १७,९१,२२६।४७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेस हुनुपर्ने रु.	२०६०६९.१६

गोभौनं/.मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं र मिति	भुक्तानी रकम	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
६५।०७७।३।८	मध्यनेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग प्रा.लि.	६०६७७०१५६	२।०७६।१०।१०	६७६३०५.००	७७८०५.००	०७४।७५ देखि
			४।०७७।२।१५	४९८३३.००	५७३३.००	०७४।७५ देखि
६६।०७७।३।९	नारायणी पाईप ईण्डष्ट्रिज	६०००१०१६३	२१६।०७६।१२।२५	६५८९०.००	७५८०.००	Invalid
१३७।०७६।७।२५	शैलेन्द्र। कालिका जे.भी.	६०९२८०६६१	१।०७६।७।२५	६६६७००.००	७६७००.००	२०७६।M ।५
१९५।०७७।३।३०	स्वच्छन्द।शंकर	६०४१४४१९७	१६।०७७।२।३०	२९९९८.८७	३४५०.३१	२०७६।M

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	माली। खानी जे.भी.					।११
१९५।०७७।३।३०	स्वच्छन्द।शंकर माली। खानी जे.भी.	६०४१४४१९७	१५।०७७।२।३०	३०२४९९.६०	३४८००.८५	२०७६।M ।११
			जम्मा	**१७९१२२६.४७**	**२०६०६९.१६**	

उपभोक्ता समिति मार्फत कार्य

१५. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यस्ता कार्यका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गोभौनं/.मिति	उपभोक्ता समितिको नाम	डोजर प्रयोगकर्ता	कार्यसम्पन्न रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
४।०७६।९।२३	मोटरबाटो स्तरोन्नती सुन्दरबजार उ स	भाडवेशी मनकामना कन्स्ट्रक्सन	२९८०६५	लोडर	१६२८३३
५९।०७७।३।२	देउराली देखी पाउलीखोला सडक उ स	भाडवेशी मनकामना कन्स्ट्रक्सन	५५४७८८	लोडर	५५४७८८
६५।०७७।३।८	काउरेपधेरादेखी राम्चेखोलासम्म सडक निर्माण उ स	मध्यनेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ प्रा लि	८२४९९३	लोडर	७२६१८८
१५९।०७७।३।३१	जिमित्रे जम्दार पधेरो सडक उ स	मालिका कन्स्ट्रक्सन	३०९७००	लोडर	२७५३६१
१९७।०७७।३।३१	लालीगुरास टोल सडक ग्रावेल उ स	वाईल्ड स्टोन कन्स्ट्रक्सन	२७६८३५	लोडर	१४९१६०

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१६. **रोजगारी र उपयोग मा सहभागी नहुने कार्यमा उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा सोही स्थानमा बसोवास गर्ने त्यस्तो सेवा उपयोग गर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराइएको छ । नगरपालिका कार्यलयको भवन र अस्पतालको भवन जस्ता निर्माणमा पनि उपभोक्ता समिति मार्फत कार्य गराएको पाईयो । भवन निर्माण जस्ता कार्यहरू उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

भौ. नं. र मिति	निर्माण कार्य	कार्यसम्पन्न	भुक्तानी रकम
२१०।०७७।३।३१	सुन्दर बजार अस्पताल भवन निर्माण र मर्मत	१२३६८१५	६६५३३०
२१०।०७७।३।३१			४४७७५८
२१२।०७७।३।३१	२ नं. वडा कार्यालय मर्मत सम्भार	२०१३००	१०००००
२१३।०७७।३।३१			८००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१७.	**जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.	१३९७६८.००

सि. नं.	भौ. नं. र मिति	योजनाको नाम	कार्यसम्पन्न रकम	उ स को योगदान %	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी
१	४०।०७७।२।२५	उप्रेती खोल्सी केनुकी धारा पक्की नाला ग्राभेल	३२२८९०	१०.००	२९०६००	३०००००	९४००
२	४१।०७७।२।२५	गहते जाने चोक पाउदी खोलासम्म नाला निर्माण	३२१९५८	१०.०७	२८७५०९	३०००००	१२४९१
३	४९।०७७।२।२८	पाउदीबजार मर्स्याङ्गदी खण्ड सिढी तथा नाली निर्माण	२१६७२५	१०.७७	१९३३८२	१९५०००	१६१८
४	५१।०७७।२।२९	व्यानटारदेखी माछापुच्छ्रे टोल सडक	४८१७२०	१०.४०	४३१६२१	४३६१७०	४५४९
५	५३।०७७।२।३०	मिलनटोल रातमाटा पक्की नाला निर्माण	४१९३३४	९.७०	३७८६५९	३८५११५	६४५६
६	५४।०७७।२।३०	तिनकुने लामीडाडा देउराली मो वा	२१४६८८	१०.१८	१९२८३३	१९५०००	२१६७
७	५७।०७७।३।२	पूर्काङ्गटोल सडक	३८९९९०	१०.००	३४३११६	३४६०२०	२९०४
८	६४।०७७।३।७	देउताकोथान बाट चन्द्रावती चोक सिढी निर्माण	३०९२२२	१०.४०	२७७०६२	२७९१४६	२०८४
९	७५।०७७।३।१२	बजारकोट खडकदेवी मो वा	२१४७१८	१०.१७	१९२८८१	१९४८८४	२००३
१०	९१।०७७।३ऽ१८	फोस्रेदेखी गहिरीगाँउसम्म सडक	४१५५८६	१०.००	३७४०२७	३७६२४५	२२१८
११	१२२।०७७।३।२५	चाउकुलो कटहरबोटे बाटो	३२१८६३	१०.००	२८९६८०	२९२५००	२८२०
१२	२०९।०७७।३।३१	सिस्नेरी खोलामा तटबन्ध	२८३६०४३	१०.००	२५५२४३८	२५८३७५०	३१३१२
१३	२११।०७६।६।१६	सुन्दरबजार अस्पताल भौतिक निर्माण सुधार	१२३६८१५	१५.००	१०५१२९२	११००५३८	४९२४६
१४	२१४।०७७।३।३०	हरिवेशी हाते पावर टेलर खरिद	९००००	२५.००	६७५००	७८०००	१०५००
						जम्मा	१३९७६८

१८.	**सवारीसाधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान चार पांग्रे सवारी साधन नगरबस खरिदमा रु.७४,७०,०००।०० खर्च गरेको छ । उक्त खरिद गरिएका नगरबस नगर क्षेत्रमा सञ्चालन गरी जनतालाई सुलभ र सरल रुपमा यातायात सेवा उपलब्ध गराउने उद्देश्यले खरिद गरिएको भन्ने नगरपालिकाको भनाई रहेको छ । नगरबस सम्बन्धी कार्यविधि तयार गरी नियमित रुपमा बस सञ्चलान गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
१९.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा पदमार्ग, सिढी निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८१ जनालाई रोजगारी उपलब्ध गराई रु.१३,०८,६१९।०० खर्च गरेको छ । लक्षित वर्गलाई ११ दिनदेखि १५	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
२०.	**रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले १ महिना पछि र वडा नं. १ ले आषाढ मसान्तमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
	पुँजीगततर्फ	
२१.	**प्रशासकीय भवन निर्माण** - सुन्दरबजार नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु.३,९१,३५,६१०।१४ (मू.अ. कर र पि.एस. बाहेक) को लागत अनुमान तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरेकोमा ३ वटा फर्मबाट बोलपत्र पेस हुन आएको पाइयो । पेस हुन आएका बोलपत्र मध्ये घटी अङ्क रु.३,०३,७३,०१६।४० (PS र मू.अ. कर बाहेक) कबोल गर्ने निर्माण व्यवसायी गोसाइकुण्ड/आई. एस. निर्माण सेवा जे.भी. सँग मिति २०७७।१०।७ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७६।४।८ मा सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीलाई पेश्की वापत रु.६०,६०,०००।०० समेत दोश्रो रनिङ्ग बिलसम्म रु.१,४४,६८,५१४।०० भुक्ती भएको छ । सम्झौता अनुसारको म्याद मिति २०७७।१०।७ सम्म पनि निर्माण कार्य सम्पन्न भएको छैन । अतः भवन निर्माण कार्य छिटो सम्पन्न गर्ने गराउनेतर्फ नगरपालिकाले ध्यान पुऱ्याउनु पर्दछ ।	
२२.	**नर्म्स फरक पारी वढी भुक्तानी** - ग्रामीण सडकहरूको लागि स्थानीय पुर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) ले नर्म्स तयार पारेको छ । स्थानीय तहले ग्रामीण सडकहरू लगायतका पुर्वाधार तयार गर्दा सोही नर्म्स प्रयोग गरेको देखिन्छ । नर्म्स अनुसार साधारण माटो काट्ने कामको लागि प्रति घनमिटर ०.५ म्यानडेज र कडा माटो काट्ने कामको लागि प्रति घनमिटर ०.६ म्यानडेज प्रयोग हुने उल्लेख भएकोमा कार्यालयले उक्त कामको लागि भवनको नमर्स प्रयोग गरी क्रमशः ०.७ र ०.८ म्यानडेज प्रयोग गरेको छ । नर्म्समा उल्लेख भएको दर भन्दा वढी दर राखेकोले देहायअनुसार बढी रकम असुल गर्नुपर्ने रु.	२०२५८५.००

सि. नं.	गो. भौ. नं. र मिति	निर्माण कार्य	कार्य विवरण	परिमाण	हुनुपर्ने दर	भुक्तानी भएको दर	फरक दर	बढी भुक्तानी
१	७।०७६।११।२९	सिढी पुच्छरबाट उपल्लो गाउसम्म सिढी निर्माण	नरम माटो	८९.१	३६८.२३	५१५.५२	१४७.२९	१३१२३.५
२	२३।०७६।१२।७	जिमित्रे डुँडकुला पचासे कुलो निर्माण	नरम माटो	**७५.६**	३६८.२३	५१५.५२	१४७.२९	१११३५.१
३	६४।०७७।३।७	देउताको थानदेखी चन्द्रावती चोक सिढि निर्माण	नरम माटो	६०.७५	३६८.२३	५१५.५२	१४७.२९	८९४७.८७
४	७१।०७७।३।११	अम्बोटे जिम्बमलटोल सडक नाला निर्माण	नरम माटो	१४.२	३६८.२३	५१५.५२	१४७.२९	२०९१.५२
५	७४।०७७।३।१२	रामदी कुखुरे सिढी निर्माण	नरम माटो	४७.५	३६८.२३	५१५.५२	१४७.२९	६९९६.२८
६	१३२।०७७।३।२८	न्यौपाने टोल भगिरथी सिंढी निर्माण	नरम माटो	६४.८	३६८.२३	५१५.५२	१४७.२९	९५४४.३९
७	१४५।०७७।३।२९	सिलिङ्गे चौतारागढी मठसम्मको मन्दिर निर्माण	नरम माटो	३८.४२	३६८.२३	५१५.५२	१४७.२९	५६५८.८८
८	१७३।०७७।३।३१	तुर्लुङ्गकोट साविकवडा नं	नरम माटो	१८.१८	३६८.२३	५१५.५२	१४७.२९	२६७७.७३

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

		८ गोरेटो बाटो						
९	१९३।०७७।३।३१	ठूलो कुलो सत्रसय निरन्तरता	नरम माटो	४५.८६	३६८.२३	७३६.४५	३६८.२२	१६८८६.६
१०	२०९।०७७।३।३१	सिस्नेरी खोलामा तटबन्ध निर्माण	नरम माटो	१८६.३६	३६८.२३	५१५.५२	१४७.२९	२७४४९
११	६६।०७७।३।९	थानीटोल खानेपानी योजना	कडा माटो	१८५.१५	४४१.८७	७३६.४५	२९४.५८	५४५४१.५
१२	२१५।०७७।३।३१	मर्स्याङ्दी आ वि को मेशीनरी वाल	कडा माटो	११५.५	४४१.८७	५८९.१६	१४७.२९	१७०१२
१३	२१९।०७७।३।३१	चौडाँडा घोरेटोबाटो सिढि निर्माण	नरम माटो	५९.०६	३६८.२३	५१५.५२	१४ .२९	८६९८.९५
१४	१४६।०७७।३।२९	बेसी वगैचा शहरी स्वास्थ्य केन्द्रसम्म पिसिसि	कडा माटो	६०.५	४४१.८७	७३६.४५	२९४.५८	१७८२२.१
							जम्मा	**२०२५८५**

२३. **फरक दररेट -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ (१) बमोजिम लमजुङ्ग जिल्लाको आ.व. २०७६।७७ को लागि कामदारको ज्याला ढुवानी निर्माण सामाग्री र मेशीन उपकरण भाडाको जिल्ला दररेट र कृषि डायरी २०७६ मा समेत कृषि उपजको दररेट निर्धारण गरिएको छ ।तपसिलको बिउ विरुवा र निर्माण कार्यमा खरिद भएको बस्तुहरूको मूल्यमा जिल्लाले निर्धारण गरेको दररेट र कृषि डायरी २०७६ भन्दा बढी दररेटमा खरिद गरेकोले असुल गर्नेपर्ने रु. — ८३१२५.००

विरुवाको नाम	परिमाण	खरिद दर	तोकिएको दर	बढी दर	रकम	कैफियत
सुन कागती	१२५	२५०	१२५	१२५	१५६२५	जिल्लादर
एभोकाँडो	५००	१७५	४०	१३५	६७५००	कृषि डायरी दर
			जम्मा		८३१२५	

२४. **सूचना पाटी खर्च -** गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याई राख्नुपर्ने व्यवस्था छ । तपसिलको योजनामा ईन्फरमेशन बोर्ड खर्च भुक्तानी गर्दा बिल विजक बेगर भुक्तानी गरिएको छ । बिल विजक बेगर भुक्तानी गरिएकोले असुल गर्नुपर्ने रु. — ६०००.००

सि.नं.	भौ. नं. र मिति	योजनाको नाम	रकम
१	५१।०७७।२।२९	व्यानटार देखि माछापुच्छ्रे टोलसम्म सडक	१०००
२	१०५।०७७।३।२०	जिमत्रे साधखोला सडक स्तरोन्नती	१०००
३	१२२।०७७।३।२५	चोरकुलो कटहरबोटे बाटो स्तरोन्ती	१०००
४	१४६।०७७।३।२९	बेशि बगैचा शहरी स्वा केन्द्रसम्म पि सि सि	१०००
५	१४७।०७७।३।२९	हात्ती गोडे पाणिनी अमृतपानी मो वा	१०००
६	२१६।०७७।३।३१	हिमाली आमासमुह भवन भान्छा घर निर्माण	१०००
		जम्मा	**६०००**

२५. **भुक्तानी दिन बाँकी -** भौ. नं. र मिति १३७।०७६।७।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (७) अनुसार विशेष कारण र परिस्थितिवश चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको समपुरक अनुदानबाट सञ्चालन हुने योजना अन्तर्गत शैलेन्द्र/कालिका

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	जे. भी. लाई गतवर्षको विजक नं. र मिति ६।०७६।२।२७ को (५७४८६२९–३६४३८३४) बाँकी रु.२१,०४,७९५।०० र यस वर्षको विजक नं. र मिति १।०७६।७।२५ को रु.६,६६,७००।०० समेत जम्मा रु.२७,७१,४९५।०० भुक्तानी दिइएको छ । आर्थिक वर्ष २०७५/७६ को भुक्तानी दिन बाँकी रकम रु.२१,०४,७९५।०० भुक्तानी गरिएको छ । भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्नेमा सो नगरी सिधै यस आर्थिक वर्षमा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.	२१०४७९५.००
२६.	**विजक भन्दा बढी भुक्तानी —** भौ. नं. र मिति ५२।०७७।२।२९ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । अपार वस्ती टोलको नया सडक निर्माण कार्यमा मूल्याकंन बिल र कार्यसम्पन्न प्रतिवेदनमा ६ के. जी. प्रेसर ६ ईन्च गोलाईको कालो पाईप ४८१.९५ के. जी. को रु.१,४१,५९७।०० भुक्तानी गरिएको छ । उपभोक्ता समितिले पेस गरेको विजकमा श्रेष्ठ निर्माण स्टोर्सको विजक नं. ३८४।०७६।११।८ मा उक्त पाइपको मूल्य रु.१,३६,१५०।०० रहेको छ । उपभोक्ता समितिले पेस गरेको विजक मूल्य रु.१,३६,१५० भुक्तानी हुनुपर्नेमा रु.१,४१,५९७।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	५४४६.००
२७.	**विजक भन्दा बढी भुक्तानी —** भौ. नं. र मिति ६६।०७७।३।१ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । थानीटोल खानेपानी योजनामा मूल्याकंन बिल र कार्यसम्पन्न प्रतिवेदनमा ३२।१०, २५।१०, २०।१० पाईपको रु.७४,०१६।०० भुक्तानी गरिएको छ । उपभोक्ता समितीले पेस गरेको विजकमा नारायणी पाईप ईण्डष्ट्रिजको विजक नं. २१६।०७६।१२।२५ मा उक्त पाइपको मूल्य रु.६५,८८९।०० रहेको छ । उपभोक्ता समितिले पेस गरेको विजक मूल्य रु.६५,८८९।०० मात्र भुक्तानी हुनुपर्नेमा रु.७४,०१६।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	८१२७.००
२८.	**विजक भन्दा बढी भुक्तानी** - भौ. नं. र मिति १८४।०७७।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । कुन्छा बजार सामुदायिक भवन शौचालय निर्माण कार्यमा कार्यसम्पन्न प्रतिवेदनमा १००० लि. को हिलटयाङ्क रु.१२,०००।०० भुक्तानी गरिएको छ । उपभोक्ता समितिले पेस गरेको श्रेष्ठ निर्माण स्टोर्सको विजक नं. ५७३।०७७।३।९ मा उक्त हिलटंकीको मूल्य रु.१०,१७०।०० रहेको छ । उपभोक्ता समितिले पेस गरेको विजक मूल्य रु.१०,१७०।०० भुक्तानी हुनुपर्नेमा रु.१२,०००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१८३०.००
२९.	**कामको परिमाण अनुसार भुक्तानी -** १९४।०७७।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण कार्यमा पुरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पेट्रोल पम्प बुढीकुवा कोलडाँडा स्तरोन्नति कार्यको मूल्याङ्कन बिलमा गाडखोला वडाल गाउँ खण्डमा Earth work Excavation by machine in soft soil मा ch 0+000 देखि 0+160 सम्म र 0+090 देखि 0+140 सम्म १३२४ घ. मि. कार्यमा Hard soil ७५ घ. मी. Medium Rock ८८ घ. मी. Soft soil ११६१ घ. मी. रहेको छ । कार्यसम्पन्न प्रतिवेदनमा १३२४ घ. मी. सबै कार्य Soft soil मा राखेर रु.७१.१९ का दरले भुक्तानी गरिएकोमा पूनः Hard soil मा ७५ घ.मी. Medium Rock	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	मा ८८ घ. मी. कार्यको पनि भुक्तानी गरिएको छ । यसरी Soft soil मा दोहोरो भुक्तानी भएको देखिएकोले बढी परिमाण १६३ घ. मी. को रु.७१.१९ का दरले हुने रकम असुल गर्नुपर्ने रु.	११६०४.००
३०.	**कामको परिमाण अनुसार भुक्तानी -** १९८।०७७।३।३१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार निर्माण कार्यमा पूरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पात्लेपानी कमेरेगौडा छहराको छाँगासम्म मोटरबाटो निर्माण कार्यमा ch 0+000 देखि 0+40 सम्म 140 घ.मी. (40×5×0.7) हुनुपर्नेमा १५४ घ.मी. (soft soil 12 घ.मी. Hard soil 84 घ.मी. soft rock 14 घ.मी. र Medium rock14 घ.मी.) को भुक्तानी भएको छ । यसरी कार्य भएको परिमाण भन्दा बढी परिमाण १४ घ.मी.को रु.५०८।५० का दरले हुने रकम असुल गर्नुपर्ने रु.	७११९.००
३१.	**सम्झौता भन्दा बढी भुक्तानी -** १५५।०७७।३।३१ सुन्दरबजार नगरपालिका कृषि विकास शाखा र धान बीउ खरिद व्यवस्थापन समित सु. न. पा. ३ बीच मिति २०७७।१।१५ मा भएको सम्झौता अनुसार यस समितिले धानको बीउ रु.३५,०००।०० को खरिद गर्न सक्ने र उक्त रु.३५,०००।०० मध्ये वडा कार्यालयले रु.२२,०००।०० र समितिले रु.१३,०००।०० व्यहोर्नुपर्ने उल्लेख छ । धानको बीउ खरिद वापत धानबीउ खरिद समितिलाई रु.३५,०७०।०० भुक्तानी गरिएको छ । सम्झौतामा उल्लेख भए अनुसार रु.२२,०००।०० मात्र भुक्तानी दिनुपर्नेमा रु.३५,०७०।०० भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.	१३०७०.००
३२.	**जिन्सी दाखिला** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यलयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई आम्दानी बाँधी स्रेस्ता खडा गरी सामानको लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । तपसिलका कार्यालय वा संस्थाले खरिद गरेका सामानहरू जिन्सी खातामा दाखिला भएको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु.	२६५२७९.००

सि. नं	भौ. नं. र मिति	खरिद गरेको संस्था	खरिद सामाग्री	रकम
१	१२६।०७७।३।२६	१ नं वडा कार्यालय	अफिस टेवल हेभी १ अफिस टेवल घर्रावाला १ अफिस टेवल सानो १ प्लाष्टिक कुर्ची २५ हस्पिटल बेड १ म्याट्रेस १ जुट कार्पेट १३ मिटर सोफासेट १ सिरानि १ वेडसिट १	९९४४०
२	१५४।०७७।३।३१	सुन्दर बजार अस्पताल	एशिया फर्मा लिंकबाट१७ आईटम औषधी खरिद रु	८०७५०
३	१६६।०७७।३।३१	शान्ती सिर्जना प्रा वि वाल विकास केन्द्र	दराज ६६ईन्च २ दराज ५४ईन्च २ अफिस टेवल २ कम्प्यूटर टेवल १ कार्पेट २० मी हवाईट बोर्ड ३ लो बेड २	८५०८९
			जम्मा	२६५२७९

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	नगरपालिका चालु	
३३.	**बढी भुक्तानी — १७।२०७६।०८।१६** गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्टयाइ हुने गरी राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका पशु शाखाको मिति २०७६ मंसिर ८ देखि १० सम्म सञ्चालित नगरस्तरीय ३ दिने बाखापालन सम्बन्धी तालिम सञ्चालन गर्न प्रति कक्षा रु.१५००।०० को दरले प्रतिदिन ३ कक्षा सञ्चालन गरेवापत जम्मा ९ कक्षाको रु.१३,५००।०० मात्र भत्ता दिनुपर्नेमा रु.१८,०००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४५००।००	४५००.००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	असुल गर्नुपर्ने रु.	
३४.	**आलुको बिउ खरिद र वितरण** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यलयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई आम्दानी बाँधी स्रेस्ता खडा गर्ने र प्रयोग भएको परिमाण अधिकार प्राप्त अधिकारीबाट स्वीकृत माग फारमको आधारमा खर्च लेख्दै जानुपर्ने र बाँकी रहेको सामानको लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आ.व. २०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा सुन्दरबजार लमजुङको ८० प्रतिशत अनुदानमा आलुको बिउ खरिद कार्यक्रम र वितरण कार्यक्रम अनुसार आनन्द किराना स्टोर्स, फेदीकुना, लमजुङबाट जनकदेव आलु प्रथम पुस्ताको प्रति के.जी. रु.५७।३० को दरले ८७२५ के.जी. रु.४,९९,९४२।५० मा खरिद गरी विभिन्न कृषक तथा कृषक समूहहरूलाई २५७६ के.जी. को मात्र वितरण गरेको भरपाई पेस भएकोले नपुग ६१४५ के.जी. को रु.३,५२,१०८।५० वितरण भरपाई पेस हुनुपर्ने रु.	३५२१०८.५०
३५.	**बढी भुक्तानी —** सुन्दर बजार नगरपालिका आ.व. २०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा सुन्दरबजार लमजुङको ८० प्रतिशत अनुदानमा आलुको बिउ खरिद कार्यक्रम र वितरण कार्यक्रम अनुसार आनन्द किराना स्टोर्स, फेदीकुना, लमजुङबाट जनकदेव आलु प्रथम पुस्ताको प्रति के.जी. रु.५७।३० को दरले ८७२५ के.जी. रु.४,९९,९४२।५० मा खरिद गरी विभिन्न कृषक तथा कृषक समूहहरूलाई आलु वितरण गर्दा सम्बन्धित कृषक र कृषक समूहहरूबाट २० प्रतिशतले हुन आउने रु.९९,९८८।५० कटाई वितरण गर्नुपर्नेमा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.	९९९८८.५०
३६.	**नगर सभा भत्ता -** ७६८-२०७७/३/३१ गण्डकी प्रदेश सभाले जारी गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ८ र अनुसुचीको क्र.सं. १० अनुसार नगर सभा वा कार्यपालिका बैठक वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उप-समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि रु.१,०००।०० को दरले बैठक भत्ता पाउने व्यवस्था छ । यस नगरपालिकामा मिति २०७७/२/१२ गते आयोजित छैटौं नगरसभामा प्रयोजनार्थ मंगेश कुँवरले लिएको पेश्की फछ्र्यौट गर्दा नगरसभामा उपस्थित भएवापत पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउँदा रु.१०००।०० को दरले ५९ जनाको २ दिनको रु.१,१८,०००।०० र १ जनाको रु.१०००।०० गरी रु.१,१९,०००।०० मात्र भुक्तानी दिनुपर्नेमा ५९ जनाको रु.१५००।०० को दरले रु.१,७७,०००।०० र १ जनाको १ दिनको रु.१५००।०० गरी रु.१,७८,५००।०० भुक्तानी गरेको पाइयो । यसरी ऐनमा व्यवस्था भएको दरभन्दा बढी दरमा भुक्तानी भएको रु.६०,५००।०० को कर कट्टी पछिको रु.५१,४२५।०० रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	५१४२५.००
३७.	**अनुगमन खाजा तथा खाना खर्च -** ७७२-२०७७/३/३१ गण्डकी प्रदेश सभाले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ अनुसार पदाधिकारीले पाउने सुविधा स्पष्ट व्यवस्था अनुसार तोकिएभन्दा थप सुविधा नपाउने व्यवस्था छ । यस नगरपालिकाले अनुगमन समितिको पदाधिकारीले विभिन्न योजना अनुगमन गरेवापत खाजा र खाना खर्च भनी प्रति व्यक्ति प्रति दिन रु.५००।०० को दरले रु.८७,५००।०० भुक्तानी दिएको पाइयो । यसरी ऐनमा व्यवस्था नभएको र नगरसभाबाट समेत पारित नभएकोले नियमसम्मत नदेखिएको रु.	८७५००.००
३८.	**शहरी स्वास्थ्य केन्द्रलाई अनुदान -** ७५७-२०७७/३/३१ आर्थिक कार्यविधि नियमावली,	७५५७३२.००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	२०६४ को नियम ३६ मा सार्वजनिक निकायले खर्च लेख्दा बिल भरपाई सहित स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्न शहरी स्वास्थ्य सस्थालाई अनुदान उपलब्ध गराएकोमा उक्त रकमको बिल भरपाई पेस नभएकोले बिल भरपाई पेस हुनुपर्ने रु.	

सि.नं.	स्वास्थ्य संस्थाको नाम	प्रयोजन	रकम
	शहरी स्वास्थ्य केन्द्र भोटेवडार	संञ्चालन अनुदान	१३८९३३
		ल्याव संचालन अनुदान	२०००००
	शहरी स्वास्थ्य केन्द्र खत्रीठाँटी	संञ्चालन अनुदान	१३८९३३
	शहरी स्वास्थ्य केन्द्र लामिखेत	संञ्चालन अनुदान	१३८९३३
	शहरी स्वास्थ्य केन्द्र गहते	संञ्चालन अनुदान	१३८९३३
		जम्मा	७५५७३२

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.	**बढी भुक्तानी -** ५६९-२०७७/३/२२ गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले वडा नं. १ अन्तर्गत सञ्चालित दिवा खाजा कार्यक्रम अन्तर्गत प्राथमिक विद्यालयका बालबालिकाहरूको लागि खाजा खुवाउन श्री शान्ति माध्यमिक विद्यालयले पेस गरेको आर्थिक प्रस्ताव अनुसार प्रति विद्यार्थी रु.२०।०० को दरले खाजा खुवाउने गरी सम्झौता भएकोमा विद्यालयले पेस गरेको विवरणमा विद्यार्थीलाई खाजा खुवाएको दिन अनुसार जम्मा रु.४,८१,६१०।०० मात्र भुक्तानी दिनुपर्नेमा रु.४,९४,५१०।०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१२,९००।०० रकम असुल गर्नुपर्ने रु.	१२९००.००
४०.	**रकमान्तर नगरी खर्च -** स्थानीय तहले वार्षिक स्वीकृत कार्क्रम भन्दा अन्यत्र खर्च गर्नु पर्दा २५ प्रतिशत सम्म रकमान्तर गरेर खर्च गर्न सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा व्यवस्था छ । यस नगरपालिकाले वार्षिक स्वीकृत कार्क्रम भन्दा अन्य शीर्षकमा खर्च गर्दा रकमान्तर नगरी खर्च गरेको पाईयो । निम्न रकमान्तर नगरी खर्च गरेको रकम अनियमित देखिएको रु.	५०२२८०.००

सि.नं.	वार्षिक स्वीकृत कार्यक्रम	खर्च भएको कार्यक्रम	रकम
१.	घर भाडा	आर्थिक सहायता	३६१०५४
२.	घर भाडा	सुन्दरबजार अस्पताल मसलन्द र कार्यालय सामाग्री	१४१२२६
		जम्मा	५०२२८०

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सशर्त चालु	
४१.	**कार्यक्रम फरक पारी खर्च** —५।२०७६।६।१४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध श्रोत समेतको आधार खर्चको आदेश दिनसक्ने व्यवस्था छ । तर प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक पर्जुन सापकोटालाई मिति २०७६ श्रावणदेखि आश्विनसम्म र चाडवाड खर्च समेत रु.१,२६,०५०।०० प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट खर्च लेख्नुपर्नेमा सशर्त चालु अनुदानबाट खर्च लेखी भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.	१२६०५०.००
४२.	**स्थानीय भत्ता बढी भुक्तानी** —६।२०७६।६।१४ नियमले पाउने र तोकिएको दरमा मात्र स्थानीय भत्ता दिइनु पर्दछ । तर आयुर्वेद शाखामा कार्यरत कर्मचारीहरूलाई २०७६ साल श्रावणदेखि आश्विनसम्म तलब भत्ता भुक्तानी गर्दा निम्न कर्मचारीहरूलाई नियमले पाउने भन्दा बढी स्थानीय भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.३४०८।०० असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	३४०८.००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	(तालिका तल)	

पद	कर्मचारीको नाम	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी	कैफियत
कविराज पाँचौ	अरवीन्दकुमार मोरवैता	१०४२	४०५०	३००८	हाजिर भएको दिनमा मात्र
कविराज पाँचौ	रामकिशोर यादव	९५०	१३५०	४००	स्थानीय भत्ता पाउने
	जम्मा	१९९२	५४००	३४०८	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४३.	**सक्कल बिल पेस नभएको** —१४।२०७७।३।३० गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर पालिकाले न्यूनतम मापदण्ड कार्यान्वयनका लागि आवश्यक औजार उपकरण तथा स्वास्थ्य सामग्री Medicraft Health Innovation Kathmandu को विजक नं. ४६३ मिति २०७७।३।१९ बाट ७ प्रकारका औजारहरू खरिद गरी रु.१,९९,२१९।०० भुक्तानी दिएको छ । उक्त फर्मको सक्कल बिल संलग्न राखी भुक्तानी हुनुपर्नेमा फोटोकपी बिलबाट भुक्तानी भएकोले उक्त रकम भुक्तानी गर्दा मू.अ. कर रु.२२,९१९.०० भुक्तानी भएकोले कर समायोजन पत्र पेस गर्नुपर्ने रु.	२२९१९.००
	सशर्त चालु (शिक्षा)	
४४.	**बढी निकासा** —४।२०७६।६।१४ शान्ति माध्यमिक विद्यालय कुञ्छाको शिक्षक तथा कर्मचारीहरूको प्रथम चौमासिक २०७६ श्रावण, भाद्र, आश्विन र चाडवाड खर्चवापत विद्यालयबाट प्राप्त माग फारमको आधारमा मा.वि. तर्फ ६ जना शिक्षकको रु.१०,३१,८०८।००, उच्च मा.वि. तर्फ २ जना शिक्षकको रु.२,०७,९००।००, प्रा.वि. नि.मा.वि. तर्फ १२ जना शिक्षकको रु.१६,६१,६६४।१० र वा.वि.के. तथा २ जना कर्मचारीको रु.१,००,०००।०० समेत रु.३०,०१,३७२।०० विद्यालयको खातामा निकासा दिनुपर्नेमा रु.२९,४४,४१५।०० निकासा दिएबाट रु.५६,९५७।०० कम निकासा दिएको पाइयो । पुनः भौ.नं. १० मिति २०७६।६।१५ बाट प्रथम चौमासिकमा छुट भएको रकम रु.५६,९५७।०० मात्र निकासा दिनुपर्नेमा रु.१,८४,०९७।०० निकासा दिएबाट रु.१,२७,१४०।०० बढी निकासा दिएको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	१२७१४०.००
४५.	**विद्यालय मर्ज** -नगरपालिकाबाट प्राप्त शिक्षक तथा विद्यार्थीको विवरण अनुसार निम्न विद्यालयहरूमा विद्यार्थी संख्या न्यून देखिएका तथा विद्यार्थी संख्या नै नभएका तपसिलमा उल्लेखित विद्यालयहरू आवश्यकता र भौगोलिक क्षेत्रको समेत विचार गरी मर्ज गर्नु उपयुक्त देखिन्छ ।	

सि.नं.	विद्यालय	शिक्षक संख्या	विद्यार्थी संख्या
१.	जनजागृति प्रा.वि., कुन्छा	३	५
२.	ज्वालादेवी प्रा.वि., धुसेनी	२	१०
३.	बालविकास प्रा.वि., रोहटेपानी	१	२
४.	भगवति प्रा.वि., कुन्छा	२	८
५.	भागिरथी प्रा.वि., सुनपा	२	२
६.	युवा वर्ष प्रा.वि., कुन्छा	१	८
७.	सुन्दरादेवी प्रा.वि., सुनपा	२	२

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४६.	**पाठ्यपुस्तक खरिद** – १६१/२०७७/२/२ बाट कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा	४९१६६२.००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने । यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७७ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम थप निकासा दिन सकिने व्यवस्था छ । मिति २०७७ जेठमा निम्न विद्यालयहरूलाई भर्ना भएका विद्यार्थीहरूको संख्या यकिन गरी पुरै रकम रु.१९,६६,६४९।०० भुक्तानी गरिएको उल्लेख छ । २०७७ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको प्रमाण पेस भएपछि मात्र सम्पूर्ण रकम भुक्तानी गर्नुपर्नेमा विद्यार्थी भर्ना, पाठयपुस्तक खरिद र वितरण गरेको विवरण पेस नभएपनि उक्त रकमको २५ प्रतिशत रु.४,९१,६६२।०० भुक्तानी गरिएकोले प्रमाण पेस गर्नुपर्ने रु.	

सि.नं.	विद्यालयको नाम	कूल निकासा	२५ प्रतिशत रकम
१	अकला बगैंचा आ.वि.	32306	८०७६
२	कालिका शिक्षा सदन प्रा.वि.	4368	१०९२
३	भविष्य निर्माण मा.वि.	125386	३१३४७
४	भारती सदन मा.वि.	88390	२२०९८
५	भक्ति नमूना मा.वि.	216123	५४०३१
६	मनकामना प्रा.वि.	5094	१२७४
७	शिक्षा सदन प्रा.वि.	6080	१५२०
८	पाणिनि संस्कृत मा.वि.	9681	२४२०
९	सर्वोदय मा.वि.	143810	३५९५३
१०	ज्वालादेवी प्रा.वि.	3019	७५५
११	शान्ति निकेतन प्रा.वि.	7515	१८७९
१२	सिद्धिसदन आ.वि.	37018	९२५४
१३	सौभाग्य सदन मा.वि.	56456	१४११४
१४	गाउँफर्क प्रा.वि.	16662	४१६५
१५	श्रीसदन प्रा.वि.	6602	१६५१
१६	संस्कृति सदन मा.वि.	216845	५४२११
१७	भागीरथी प्रा.वि.	514	१२९
१८	शान्ति मा.वि.	146751	३६६८८
१९	बालविकास प्रा.वि.	1036	२५९
२०	भगवती प्रा.वि.	2072	५१८
२१	सेवा मन्दिर प्रा.वि.	1666	४१६
२२	जनजागृति प्रा.वि.	2181	५४५
२३	युवा वर्ष प्रा.वि.	3160	७९०
२४	मनकामना प्रा.वि.	4826	१२०६
२५	कान्ति मन्दिर मा.वि.	43673	१०९१८
२६	महेन्द्र मन्दिर मा.वि.	98579	२४६४५
२७	महादेवी प्रा.वि.	12992	३२४८
२८	देवीसदन प्रा.वि.	12259	३०६५
२९	शोभा मन्दिर प्रा.वि.	7913	१९७८
३०	सरस्वती सदन मा.वि.	66804	१६७०१
३१	मर्स्याङ्दी आ.वि.	79309	१९८२७
३२	शान्ति निकेतन प्रा.वि.	14969	३७४२

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३३</td><td>भैरवदेवी प्रा.वि.</td><td>5541</td><td>१३८५</td></tr>
<tr><td>३४</td><td>आदर्श प्रा.वि.</td><td>3628</td><td>९०७</td></tr>
<tr><td>३५</td><td>आदर्शबाल मा.वि.</td><td>189604</td><td>४७४०१</td></tr>
<tr><td>३६</td><td>सुन्दरीदेवी प्रा.वि.</td><td>1036</td><td>२५९</td></tr>
<tr><td>३७</td><td>समाज सेवा प्रा.वि.</td><td>11397</td><td>२८४९</td></tr>
<tr><td>३८</td><td>दुर्गादिवी प्रा.वि.</td><td>5858</td><td>१४६४</td></tr>
<tr><td>३९</td><td>विद्याज्योति प्रा.वि.</td><td>275526</td><td>६८८८२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1966649</td><td>४९१६६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७.</td><td>बढी निकासा - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ अनुसार दरबन्दीमा रही कार्यरत रहेका शिक्षकलाई कार्यालयले चौमासिक रुपमा तलव भत्ता निकासा दिने व्यवस्था छ । भौचर नं. ९८।०७७।३।१७ बाट शिक्षा सदन प्रा. वि. सु. न. पा. ३ को निकासा माग फाराम अनुसार शिक्षक/कर्मचारीको दोस्रो चौमासिकमा रु.४,३२,९१९ र तेस्रो चौमासिकमा रु.४,९५,५२२।०० गरी जम्मा रु.९,२८,४४१ माग गरेकोमा दोस्रो चौमासिकमा रु.३,२०,२२६।०० र तेस्रो चौमासिकमा रु.६,१२,७०५।०० गरी जम्मा रु.९,३२,९४१।०० निकासा गरिएकोले रु.४,५००।०० बढी निकासा भएको छ । विद्यालयले पेस गरेको माग फाराम भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.</td><td>४५००.००</td></tr>
<tr><td>४८.</td><td>बढी निकासा - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ अनुसार दरबन्दीमा रही कार्यरहत रहेका शिक्षकलाई कार्यालयले चौमासिक रुपमा तलव भत्ता निकासा दिने व्यवस्था छ । भौचर नं. ९८।०७७।३।१७ बाट पाणिनी सस्कृत मा. वि. सु. न. पा. ३ को निकासा माग फाराम अनुसार शिक्षक/कर्मचारीको दोस्रो चौमासिकमा कर्मचारीतर्फ रु.७६,०००।०० आधारभूत विद्यालयतर्फ रु.१०,५२,६९०।०० माध्यमिक तहतर्फ रु.८,७९,२४९।०० र प्रथमको छुट तलव भत्ता रु.१९,००० गरी जम्मा रु.२०,२६,९३९।०० निकासा माग गरिएको छ । निकासा माग गरिएको रु.२०,२६,९३९।०० मध्ये रु.१६,५८,६०८।०० मात्र निकासा दिएकोले रु.३,६८,३३१ घटी निकासा दिएको देखिन्छ । तेस्रो चौमासिक निकासामा उक्त विद्यालयलाई छुट भएको निकासा भनी रु.४,०५,०९२।०० थप निकासा गरिएको छ । यसरी तेस्रो चौमासिक निकासामा रु.३,६८,३३१ थप गरेर निकासा गर्नुपर्नेमा रु.४,०५,०९२।०० थप निकासा गरिएकोले रु.३६,७६१।०० बढी निकासा गरिएको छ । निकासा माग फारममा माग भएको रकम भन्दा बढी निकासा भएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>३६७६१.००</td></tr>
<tr><td>४९.</td><td>निजी शिक्षकको तलब भत्ता - १३४।०७७।३।२९ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ को खण्ड २(१), अनुसार आधारभुत तहमा स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारी समेत), र माध्यमिक तहमा स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक कर्मचारी प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षक समेत), ले तलव भत्ता पाउने व्यवस्था छ । तपसिलको विद्यालयमा आधारभुत तह र माध्यमिक तहमा स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकको तलव भत्ता शीर्षक (२१११११) बाट निजी श्रोतबाट व्यहोर्ने गरी नियुक्त भएका शिक्षकलाई संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त (शिक्षा) बाट तलव भत्ता निकासा गरिएको छ । यसरी निजी श्रोतबाट व्यहोर्ने गरी नियुक्त शिक्षकलाई आन्तरिक आम्दानीबाट तलव भत्ताको व्यवस्था गर्नुपर्नेमा सशर्तबाट निकासा खर्च जनाएको सम्बन्धमा</td><td>८६३७६०.००</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	माध्यमिक तहको अनुमति पाई एउटा पनि माध्यमिक शिक्षक दरबन्दी नपाएको विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि अनुदान दिन सकिने भन्ने नगरपालिकाको भनाई रहेको छ । सो सम्बन्धमा निकासा दिन मिल्ने प्रमाण पेस गर्नुपर्ने रु.	

सि.नं	विद्यालयको नाम	तलव स्केल मासिक	जम्मा
१	श्री भारती सदन मा वि सु न पा ८	३५९९०	४३१८८०
२	श्री भविश्य निर्माण मा वि सु न पा ९	३५९९०	४३१८८०
		जम्मा	**८६३७६०**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५०.	**ईन्टरनेट जडान तथा सञ्चालन खर्च -** ११३। ०७७।३।२२ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६ को ५.१ अनुसार माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत प्रति विद्यालय वार्षिक रु.१२,०००।०० का दरले उपलव्ध गराउने व्यवस्था छ । तपसिलका विद्यालयलाई इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रकम उपलव्ध गराईएकोमा ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । इन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु.	१५६०००.००

सि.नं.	विद्यालयको नाम	रकम
१	भविष्य निर्माण मा.वि.	१२०००
२	भारती सदन मा.वि.	१२०००
३	भक्ति नमूना मा.वि.	१२०००
४	पाणिनि संस्कृत मा.वि.	१२०००
५	सर्वोदय मा.वि.	१२०००
६	संस्कृति सदन मा.वि.	१२०००
७	शान्ति मा.वि.	१२०००
८	कान्ति मन्दिर मा.वि.	१२०००
९	महेन्द्र मन्दिर मा.वि.	१२०००
१०	सरस्वती सदन मा.वि.	१२०००
११	आदर्श बाल मा.वि.	१२०००
१२	विद्याज्योति प्रा.वि.	१२०००
१३	शौभाग्य सदन मा वि	१२०००
	जम्मा	**१५६०००**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५१.	**बालबालिकाको व्यक्तिगत सरसफाई -** स्थानीय तहले भौगोलिक अवस्था, दूरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिक रूपमा विद्यालयमा आउन जान नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकालाई रु.४,०००।०० का दरले १० महिनाको रु.४०,०००।०० का दरले हुन आउने रकम विद्यालयलाई अनुदान दिने व्यवस्था छ । सो मध्ये व्यक्तिगत सरसफाईको लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै साबुन, काईयो, दन्तमञ्जन, ब्रस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रूमाल, स्यानेटरी न्याप्किन आदि खरिद गर्न प्रति विद्यार्थी मासिक रू.५००।०० का दरले १० महिनाको जम्मा रू.५,०००।०० सम्बन्धित छात्रछात्राहरूलाई भरपाई गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । स.ु.न.पा. ९ स्थित भक्ति नमूना मा विमा संचालित सुस्त श्रवण तथा बहिरा विशेष शिक्षाका विद्यार्थीको लागी १ वर्षको आवास व्यवस्थापनमा २८ जनालाई रु.४,०००।०० का दरले १० महिनाको रु.११,२०,००० निकासा गरिएको छ । सो मध्ये व्यक्तिगत सरसफाईको लागि उपलव्ध गराएको रकम सम्वन्धित विद्यालयका २८ जना छात्रछात्राहरूले प्रति विद्यार्थी	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	मासिक रू.५००।०० का दरले १० महिनाको जम्मा रू.१,४०,०००।०० बुझेको भरपाई पेस हुन आएन । उक्त रकम सम्बन्धित छात्रछात्राहरूले बुझेको भरपाइ पेस गर्नुपर्ने रु.	१४००००.००
५२.	**लेखापरीक्षण खर्च** - ११३।०७७।३।२२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभुत तहको लागि प्रति विद्यालय वार्षिक रु.१०,०००।०० र माध्यमिक तहको लागि प्रति विद्यालय वार्षिक रु.१५,०००।०० एकमुष्ठ अनुदान उपलव्ध हुने व्यवस्था छ । लेखापरीक्षणको लागि तपसिलका विद्यालयलाई निकासा उपलव्ध गराएकोमा आ.व. २०७५।७६ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन । लेखापरीक्षणको लागि उपलव्ध गराएको रकमबाट लेखापरीक्षण गराएको पाईएन । यसरी लेखापरीक्षण प्रतिवेदन पेस नगरेका विद्यालयले लेखापरीक्षण गराएको प्रतिवेदन पेस गर्नुपर्ने रु.	६५०००.००

सि.नं.	विद्यालयको नाम	लेखापरीक्षण रकम
१	युवा वर्ष प्रा. वि. सू. न. पा. १ कुञ्छा	१००००
२	दुर्गादिवी प्रा. वि. सू. न. पा. ५ तार्कुकोट	१००००
३	सुन्दरीदेवी प्रा. वि. सू. न. पा. ५ तार्कुकोट	१००००
४	समाजसेवी प्रा. वि. सू. न. पा. ५ थाक्ले	१००००
५	सरस्वतीसदन मा. वि. सू. न. पा. ११ सिन्दुरे	१५०००
६	देवी सदन प्रा. वि. सू. न. पा. ११ तुर्लुङ्गकोट	१००००
	जम्मा	**६५०००**

५३.	**स्यानीटरी प्याड वितरण** - ११७।०७७।३।२६ सामुदायिक विद्यालयका छात्राहरूलाई स्यानिटरी प्याड वितरणको लागि टि आर सप्लायर्सबाट ७३५ थान रु.५३।९९ का दरले जम्मा रु.३९,६८०।०० मा खरिद गरिएको छ । सामुदायिक विद्यालयका छात्राहरूलाई स्यानीटरी प्याड वितरण गरेको प्रमाण पेस भएको छैन । उक्त स्यानीटरी प्याड वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु.	३९६८०.००
	सशर्त अनुदान	
५४.	**सम्झौता अनुसारको कार्य** —१।२०७७।३।३० सुन्दरबजार नगरपालिका वडा नं. ११ मा सिन्दुरे कालिका रङ्गशाला निर्माण कार्य गर्नको लागि रु.२९,४६,४५७।२९ को ल.ई. तयार गरी उपभोक्ता समितिसँग मिति २०७७।३।२४ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७७।३।१३ मा सम्झौता गरेको पाइयो । उक्त श्रेस्ताको लेखापरीक्षणबाट निम्न व्यहोरा देखिएका छन्: • रु.२९,४६,४५७।२९ लागत इष्टिमेट भएको रङ्गशाला निर्माण कार्य गर्न १० दिनको मात्र समय राखी सम्झौता गरिनु समयका हिसाबले न्यायसम्मत देखिएन । • सम्झौता अनुसार तोकिएको म्यादभित्र सबै कार्य सम्पन्न हुन नसकेको र रु.११,०४,४९५।०० बराबरको मात्र काम भई सो रकम भुक्तानी भएको छ । जति काम भयो त्यतिलाई नै कार्य सम्पन्न मानी प्रतिवेदन तयार गरी भुक्तानी गरिनु उपयुक्त देखिएन । सम्झौता अनुसारको कार्य तोकिएको समयमा सम्पन्न गर्ने गराउनेतर्फ कार्यालय तथा उपभोक्ता समितिले ध्यान पुऱ्याउनु पर्दछ ।	
५५.	**भुक्तानी दिन बाँकी** - २।२०७७।३।८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (७) अनुसार विशेष कारण र परिस्थितिवश चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी	६११२०.००

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दिनपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गरिब घरपरिवार तथा परिचयपत्र कार्यक्रम अन्तर्गत २०७६।०३।१२ को स्वीकृत भ्रमण आदेश अनुसार मिति २०७६।६।१२ देखि २०७६।३।१८ सम्म बेशीसहर, लमजुङमा गरिब घरपरिवार पहिचान २०७५ तालिममा सहभागी भएको भनी निम्न कर्मचारीहरूलाई आ.व. २०७५।७६ को भ्रमण भत्ता मिति २०७७।३।८ मा रु.६१,१२०।०० भ्रमण खर्च लेखेको छ । भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्नेमा सो नगरी सिधै यस आर्थिक वर्षमा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>कर्मचारीको नाम</th><th>भ्रमण खर्च</th></tr>
<tr><td>१</td><td>सुपरिवेक्षक</td><td>भूपति बास्तोला</td><td>७६४०</td></tr>
<tr><td>२</td><td>गणक</td><td>सुदिप सेढाई</td><td>७६४०</td></tr>
<tr><td>३</td><td>गणक</td><td>सरस्वती सुवेदी</td><td>७६४०</td></tr>
<tr><td>४</td><td>गणक</td><td>आसमान तामाङ</td><td>७६४०</td></tr>
<tr><td>५</td><td>गणक</td><td>नमूना पाण्डे भुजेल</td><td>७६४०</td></tr>
<tr><td>६</td><td>गणक</td><td>रचना पाण्डे</td><td>७६४०</td></tr>
<tr><td>७</td><td>गणक</td><td>मिनमाँया मगर</td><td>७६४०</td></tr>
<tr><td>८</td><td>गणक</td><td>पूर्णबहादुर बि.क.</td><td>७६४०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६११२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६.</td><td>शिक्षा विकास निर्देशनालय - ३।२०७७।३।३० शिक्षा वकास निर्देशनालय गण्डकी प्रदेश, पोखराको आ.व. २०७६।७७ वार्षिक कार्यक्रम अनुसार सर्वोदय मा.वि. सु.न.पा.-३ लाई मर्मत कार्यक्रम अन्तर्गत रु.१,५०,०००।०० अनुदान रकम स्वीकृत भई यस नगरपालिकाको नाममा PLMBIS मा समेत इन्ट्री भई मिति २०७७।२।८ मा अख्तियारी हस्तान्तरण समेत प्राप्त भएको छ । शिक्षा विकास निर्देशनालयबाट सम्बन्धित कार्यक्रमको लागि तयार पारिएको कार्यविधि बमोजिमको प्रकृया पूरा गरी बजेट विद्यालयको खातामा निकासा तथा कार्यक्रम बमोजिम खर्च गर्नुपर्नेमा यस पालिकाले विद्यालय मर्मत कार्यक्रममा स्वीकृत भएको अनुदान रकमबाट कम्प्युटर खरिद तथा मर्मत गरेवापत उक्त विद्यालयलाई भौ.नं. ३ मिति २०७७।३।३० बाट रु.१,४७,०००।०० निकासा दिएको पाइयो । यसरी खर्च गर्दा सम्झौता पत्रमा उल्लेखित शर्त र परिधिभित्र रही कार्यसम्पादन गर्नुपर्नेमा कार्यक्रम विपरित खरिद तथा मर्मत कार्य गरेको अनियमित देखिएको रु.</td><td>१४७०००.००</td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>५७.</td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि १ वटा बैठक कोरोना न्यूनीकरण सम्बन्धी कार्य गरेको पाइयो । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
५९.	**विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकामा यस वर्ष रु.८४,९९,३९९।०० आम्दानी भई रु.६७,५९,११४।०० खर्च गरी बाँकी रु.१७,५५,७०७।०० देखिन्छ ।	
६०.	**वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
६१.	**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम -** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ७ परियोजना सञ्चालन गर्न रु.७४,०६,०००।०० बजेट प्राप्त भएकोमा रु.६८,४३,८५५।०० खर्च भई ९०.७९ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।	

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
गुम्बा मर्मत, भवन निर्माण, खेलमैदान, कम्पाउण्ड वाल निर्माण	७	७४०६०००	६८४३८५५	९२.४१	९०.७९

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६२.	**कोभिड १९ तर्फ —** नगरपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट समेत रु.४९ लाख ०३ हजार आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु.४८ लाख ३८ हजार खर्च भई रु.६५ हजार बाँकी रहेको छ । खर्च रकम निम्न शीर्षकमा भएको पाइयोः	

रु. हजारमा

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	२२१	राहत वितरण	२२१

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td>१०००</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>२०६</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>३३४४</td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>३९९०</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>०</td><td>जनशक्ति परिचालन</td><td>०</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>०</td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद</td><td>४२१</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>३३८</td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>०</td></tr>
<tr><td></td><td>०</td><td>अन्य शीर्षकमा भएको खर्च</td><td>०</td></tr>
<tr><td></td><td>०</td><td>बाँकी</td><td>६५</td></tr>
<tr><td>जम्मा</td><td>४९०३</td><td>जम्मा</td><td></td></tr>
</table>
उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न रहेका छन्ः</td><td></td></tr>
<tr><td>६२.१.</td><td>अन्य शिर्षकबाट खर्च - कोभिड १९ केश इन्भेष्टिगेसन तथा कन्टयाक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका २०७७ को सि.नं. ६ अनुसार यस टिम परिचालनका लागि लाग्ने सम्पूर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि छुट्टाइएको कोषबाट व्यवस्था मिलाउनु पर्ने र यदि नपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सक्ने व्यवस्था छ । पालिकाले मिति २०७७।१।१ देखि २०७७।३।३१ सम्म हेल्थ डेस्कमा काम गर्ने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाई खाना र खाजा खुवाएको खर्च रु.१,२९,१८२।०० चालु शीर्षकको भौ. नं. ७५६ मिति २०७७।३।३१ बाट खर्च गरिएको छ । पालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नुपर्नेमा अन्य शीर्षक चालुबाट खर्च गरेकोले नियमसम्मत नदेखिएको रु.</td><td>१२९१८२.००</td></tr>
<tr><td>६२.२.</td><td>राहत वितरण - कोभिड १९ को कारण प्रभावित व्यक्तिहरूका साथै असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ सि.नं. ५(१) अनुसार १ जना परिवार, २ जना परिवार, ३ जना परिवार, ४ जना परिवार, ५ जना परिवारको लागि चामल तेल दाल नुन र साबुन वितरणको लागि मापदण्ड तयार गरिएको छ ।</td><td></td></tr>
<tr><td>६२.२.१.</td><td>भौ. नं. र मिति ९।०७७।३।३० २ नं. वडा कार्यालयको राहत वितरण कार्यक्रममा सोना चामल ६५९६ के. जी., रातो दाल २५८ केजी, नुन २४८ के. जी., तोरी तेल २४८ लिटर, साबुन १५५ वटा खरिद गरी रु.३,८१,०९९।०० भुक्तानी गरिएको छ । चामल, दाल, तेल, नुन, साबुन २३३ जनालाई वितरण गरेको भरपाई पेस भएको भएतापनि परिवार संख्याका आधारमा मापदण्ड अनुसार वितरण गरेको छैन । यसरी कार्यविधिले तोकेको मापदण्ड विपरित वितरण गरेकोले नियमसम्मत नदेखिएको रु.</td><td>३८१०९९.००</td></tr>
<tr><td>६२.२.२.</td><td>भौ. नं. र मिति ९।०७७।३।३० ९ नं. वडा कार्यालयको राहत वितरण कार्यक्रममा चामल ५२२० के. जी., दाल ४३० के.जी., नुन २५४ के. जी., तोरी तेल २५४ लिटर, साबुन २५४ वटा खरिद गरी रु.३,४३,३२६।०० भुक्तानी गरिएको छ । चामल दाल तेल नुन साबुन २५४ जनालाई वितरण गरेको भरपाई पेस भएको भएतापनि परिवार संख्या आधारमा मापदण्ड अनुसार वितरण गरेको छैन । यसरी कार्यविधिले तोकेको मापदण्ड विपरित वितरण गरेकोले नियमसम्मत नदेखिएको रु.</td><td>३४३३२६.००</td></tr>
<tr><td>६२.२.३.</td><td>८ नं. वडा कार्यालयको राहत वितरण कार्यक्रममा चामल ३२४९ के. जी., दाल २६६ के.जी., नुन १५२ के.जी., तोरी तेल १५२ लिटर, साबुन १५६ वटा खरिदगरी रु.२,००,०००।०० भुक्तानी गरिएको छ । चामल दाल तेल नुन साबुन वितरण गरेको भरपाई पेस भएको भएतापनि परिवार संख्या आधारमा मापदण्ड अनुसार वितरण गरेको छैन । यसरी कार्यविधिले तोकेको मापदण्ड विपरित वितरण गरेकोले नियमसम्मत नदेखिएको रु.</td><td>२०००००.००</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६२.३.	**भरपाई पेस नभएको -** गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्ट्याई हुनेगरी राख्नुपर्ने व्यवस्था छ । वडन नं. ११ मा राहत वितरणको लागि चामल ४६५० के.जी., तेल २५५ लि, दाल ४२५ के.जी., नुन २५५ के.जी., साबुन ३५० वटा रु३,३८,५१५।०० मा खरिद गरिएको छ । उक्त राहात सामाग्री वितरण गर्ने गरी सूची तयार गरेकोमा लाभग्राहीले राहत बुझेको देखिएन । राहत सामाग्री वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु.	३३८५१५.००
६३.	**पेश्की बाँकी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार पेश्की फछ्र्यौट नभई बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.	१४७५०००.००

सि.नं.	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	पेश्की रकम		
		म्याद ननाघेको	म्याद नाघेको	जम्मा
१.	नगर प्रमुख जनकराज मिश्र		२०००००	२०००००
२.	गणेशकुण्ड आइ एस निर्माण सेवा जे.भी.	६०६००००	०	६०६००००
३.	उपसचिव ठाकुर जी तिवारी		१७५०००	१७५०००
४.	सि.अ.हे.व.अ. निर्मल अधिकारी		८५००००	८५००००
५.	श्री विमल शर्मा भट्ट		५००००	५००००
६.	श्री भागवत कुमार पण्डित		२०००००	२०००००
	जम्मा	६०६००००	१४७५०००	७५३५०००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरूः	
६४.	**स्थानीय पूर्वाधार विकास साझेदारी** — ७/२०७७/२/३२ झोगछेन डिङ्मा ज्याछोन छोइलिङ गुम्बा निर्माणका लागि स्वीकृत लागत अनुमानमा आइटम नं. ७ अन्तर्गत ७.१ मा आल्मुनियम झ्याल र ७.२ मा आल्मुनियम ढोकाको सट्टा भुक्तानी गर्दा काठको बिल समावेश गरिएको र इष्टिमेटमा भन्दा फरक आइटमको भेरियसन आदेश स्वीकृत नगराई आइटम र परिमाण समेत फरक पारी भुक्तानी गरेको रु.२८,२००।०० नियमसम्मत नदेखिएको रु.	२८२००.००
६५.	यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१.	२०७५/७६	२४	पदाधिकारी आवास खाजा खर्च	-	-	३७७९००	-	३७७९००
२.		२५	थप आवास सुविधा लिएको	-	-	३४६८००	-	३४६८००
३.		२६	भान्सेले थप सुविधा लिएको	-	-	२४००००	-	२४००००
४.		२९	पदाधिकारीको दोहोरो सुविधा	-	८६१५४	-	-	८६१५४
			जम्मा	-	८६१५४	९६४७००	-	१०५०८५४

अनुसूची-१

सञ्चित कोष विवरण
२०७६/७७

प्रदेशः गण्डकी (रु.हजारमा)

क स	स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाट	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१.	सुन्दरबजार नगरपालिका	लमजुङ्ग	८१७२०	३७२५८९	५५०१०	७५२७	१३२६२२	५६७७४८	३८९८०९	१०७१२३	३५१७६	५३२१०८	११७३६०

अनुसूची-२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७६/७७

(रु.हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	सुन्दर बजार न पा	लमजुङ्ग	२९	४३	१७१०६	०	१	६०६०	२९	४२	११०४६	८१५	४१११	४६४५	०	०	८७५६	-	१४७५	१४७५

अनुसूची-३

अद्यावधिक बेरुजू स्थिति
२०७६/७७

(रु.हजारमा)

क्र.स.	स्थानीय तह	जिल्ला	गत वर्षसम्मको बाँकी	यो वर्ष फछ्यौंट	बाँकी	यो वर्ष सम्परीक्षणबाट कायम	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१.	सुन्दरबजार नगरपालिका	लमजुङ्ग	३१०५८	१०५१	३०००७	-	११०४६	४१०५३